**घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको (पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसके पछिको)**
**आर्थिक वर्ष २०७०/०८० को सञ्चालक समितिको प्रतिवेदन**

सम्पुर्ण शेयरधनी महानुभावहरु ,

घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको (पब्लिक कम्पनीमा परिणत भई सके पछि को) तेस्रो साधारण सभामा उद्योग सञ्चालक समिति को तर्फबाट स्वागत तथा अभिवादन व्यक्त गर्दछु। देशको एक सफल सिमेन्ट उद्योगको रुपमा स्थापित यस उद्योगलाई उहाँहरुले पुर्‍याउदै आउनु भएको निरन्तर सहयोग तथा विश्वासका लागि यहाँहरु प्रति आभार प्रकट गर्दछु।

यस उद्योग कम्पनी ऐन लगायत सम्पुर्ण कानुनको पुर्ण पालना गर्दै व्यवसायको तिव्र विस्तार गर्दै शेयर धनिहरुलाई उचित मुनाफा वितरण गर्न प्रतिवद्ध रहेको छ। उद्योगको उत्पादनलाई विविधिकरण गर्दै अगाडी बढ्ने कुरामा उद्योग प्रतिवद्ध छ।

घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेतको प्रतिवेदन यहाँहरुले प्राप्त गर्नु भएकै छ भन्ने विस्वास गर्दै कम्पनी ऐन २०६३ को दफा १०९(४) बमोजिमको विवरणहरु समेत समावेश गरि समिक्षा अवधिमा यस उद्योगले गरेको प्रगति, अर्थतन्त्रको समिक्षा तथा सिमेन्ट उद्योगले भोगेका चुनौतीहरु सहितको सञ्चालक समितिको प्रतिवेदन यस सभाको स्विकृतिको लागि प्रस्तुत गर्दछु।

**क) समिक्षाको कारोबारको सिंहावलोकन :**

यस कम्पनी अन्तर्गतको घोराही उपमहानगरपालिका, वडा नं ४, गोग्ली, दाङ मा उद्योगबाट सिमेन्ट तथा क्लिङकर उत्पादन तथा बिक्रि वितरण गरी सफलतापूर्वक उद्योग संचालन भईरहेको छ।

**आ.व.२०७९/२०८० मा उद्योगको सिमेन्ट तथा क्लिङकर उत्पादन र बिक्रि.तथा निकासीको विवरण निम्न बमोजिम छ।**

| **विवरण** | **उत्पादन मे.ट.** | **विक्री मे.ट.** | **विक्री रकम निकासी सहितको रु** |
|---|---|---|---|
| सिमेन्ट | ४,८७,३००.८२ | ४,७९,१८०.५६ | ४,०४,७६,४३,८६०।- |
| क्लिङकर | ५,२१,६५७.८० | ७४,००६.२१ | ५५,०७,५३,६४३।- |
| अन्य | | | ३,३५,९५,८५१।- |
| **जम्मा** | **१०,०८,९५८.६२** | **५,५३,१८६.७७** | **४,६३,१९,९३,३५४।-** |

आ.व.२०७९/८० र २०७८/७९ को तुलनात्मक वित्तिय स्थिति तल उल्लेख गरे बमोजिम रहेको छ।

वासलात

| विवरण | आ.व.२०७९/८० | आ.व.२०७८/७९ |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालु सम्पत्ति** | | |
| चल/अचल सम्पत्ति | ६,६०,६४,६१,१२२ | ६,६६,८९,११,६८४ |
| अमुर्त सम्पत्ति | २,८३,४३,१५९ | ३,०५,६८,५४५ |
| सम्पत्तिको भोग अधिकार | १६,४२,८४० | १६,९६,९२२ |
| पूँजीगत कार्यप्रगति | १२,०९,५०,५४,४६९ | १०,५४,१५,१७,९३६ |
| लगानी | ८,३५,७२,८०० | ८,३५,७२,८०० |
| **कुल गैर चालु सम्पत्ति** | **१८,८१,५०,७४,३९०** | **१७,३२,६२,६७,८८७** |
| **चालु सम्पत्ति** | | |
| मौज्दात | २,०६,८०,६०,१५६ | १,९३,०४,१८,२९० |
| व्यापार असामी | १,७७,०१,५९,६७० | १,६३,१७,५२,२६७ |
| करार सम्पत्ति | ११,९९,००७ | १,६६,८८,९९२ |
| नगद तथा बैंक मौज्दात | ७,२०,३७,४६८ | ५,६७,६६,३२५ |
| अग्रिम भुक्तानी | ४,७९,५४,९२७ | ५,५७,५७,९३० |
| अन्य वित्तीय सम्पत्ति | १३,२०,२६,२७४ | १०,९८,९४,६१४ |
| अन्य चालु सम्पत्ति | ३,५४,१०,२५,७०६ | ५२,८१,१४,७१४ |
| चालु कर सम्पत्ति | ७१,४१,९०२ | - |
| **कुल चालु सम्पत्ति** | **७,६३,९६,०५,११०** | **४,३२,९३,९३,१३२** |
| **कुल सम्पत्ति** | **२६,४५,४६,७९,५००** | **२१,६५,५६,६१,०१९** |
| **पुंजी तथा दायित्व** | | |
| शेयर पुंजी | ३,९७,१९,००,६०० | ३,१७,७५,२०,५०० |
| संचित नाफा | ४,००,६९,५१,०५७ | ३,९४,३८,६०,५२० |
| अन्य कोष | ७,९०,६०,००० | ७,९०,६०,००० |
| शेयर प्रिमियम | २,६५,८४,६८,१८५ | - |
| **कुल पुंजी** | **१०,७१,६३,७९,८४२** | **७,२०,०४,४१,०२०** |
| **गैर चालु दायित्व** | | |
| दिर्घकालीन ऋण | ८,३९,५६,५६,४०२ | ७,५४,८१,८१,५०७ |
| अन्य गैर-चालु वित्तीय दायित्व | १,३४,५६,८८,६४४ | ७६,००,०३,६१० |
| लिज दायित्व | १९,२२,७१५ | १८,६३,४०१ |
| स्थगन कर दायित्व | २०,१७,९२,८५६ | १८,४२,६०,८६८ |
| **कुल गैर चालु दायित्व** | **९,९४,५०,६०,६१७** | **८,४९,४३,०९,३८६** |
| **चालु दायित्व** | | |
| अल्पकालीन ऋण | ३,०६,४५,२३,८०८ | ४,३१,१७,८८,७२६ |
| व्यापार साहु | १,५९,४५,८७,१९४ | ६३,६२,९७,६७२ |
| अन्य वित्तीय दायित्व | १,०१,११,७१,९४२ | ८४,०५,०४,९१० |
| सम्झौता प्रयोजन दायित्व | १२,२९,५६,०९७ | १५,७६,१९,७३१ |
| चालु कर दायित्व | - | १,४६,९९,५७४ |
| **कुल चालु दायित्व** | **५,७९,३२,३९,०४१** | **५,९६,०९,१०,६१३** |
| **कुल पुंजी तथा दायित्व** | **२६,४५,४६,७९,५००** | **२१,६५,५६,६१,०१९** |

## नाफा नोक्सान हिसाब

| विवरण | आ.ब.२०७९/८० | आ.ब.२०७८/७९ |
|---|---|---|
| **आम्दानी** | | |
| विक्रीबाट आम्दानी | ४,६२,५४,५४,६७५ | ४,८०,१५,३०,९५३ |
| बिक्रिको लागत | (३,६३,६६,९५,५७७) | (३,७६,२४,४३,४४६) |
| **कुल नाफा** | **९८,८७,५९,०९८** | **१,०३,९०,८७,५०७** |
| अन्य आम्दानी | १६,६०,०९,०२७ | २४,०१,१९,७६२ |
| **खर्च** | | |
| संचालन, बिक्रि तथा वितरण खर्च | (३१,०९,०४,८९७) | (२९,५२,६७,३३८) |
| ह्रास खर्च | (३३,७१,२४,७१८) | (३६,९८,०२,२४०) |
| **कारोबारबाट खुद नाफा** | **५०,६७,३८,५१०** | **६१,४१,३७,६९१** |
| ब्याज खर्च | (४२,४९,८४,६६५) | (३९,००,८०,०८७) |
| **आयकर ब्यबस्था अघि को खुद नाफा** | **८,१७,५३,८४५** | **२२,४०,५७,६०४** |
| आयकर ब्यबस्था | | |
| यस वर्षको कर | (१०,६८,१३५) | (३६,४३,७८९) |
| स्थगन कर आम्दानी /(खर्च) | (१,७५,३१,९८८) | (३८,७२,२२८) |
| **खुद मुनाफा/(नोक्सान)** | **६,३१,५३,७२२** | **२१,६५,४१,५८७** |
| **प्रति शेयर आय** | | |
| आधारभूत (Basic) रु. | १.५९ | ६.८१ |
| समायोजन (Diluted) रु. | १.५९ | ५.४५ |

## नगद प्रवाह विवरण (२०८० आषाढ मसान्त)

| विवरण | आ.व.२०७९/८० | आ.व.२०७८/७९ |
|---|---|---|
| **क) कारोबार संचालनबाट नगद प्रवाह** | | |
| आयकर अघिको खुद मुनाफा | **८,१७,५३,८४५** | **२२,४०,५७,६०४** |
| **समायोजन** | | |
| ह्रास तथा कट्टि | ३३,७१,२४,७१८ | ३६,९८,०२,२४० |
| ब्याज भुक्तानि | ४२,४९,८४,६६५ | ३९,००,८०,०८७ |
| ब्याज आम्दानी | (१,२४,०८९) | (५,०७,६११) |
| स्थिर प्लान्ट र उपकरण तथा अमुर्त सम्पत्तिको बिक्रिबाट नाफा/नोक्सान | - | - |
| संस्थागत सामाजिक दायित्व व्यवस्था | ८,२५,७९६ | २२,६३,२०८ |
| संस्थागत सामाजिक दायित्व खर्च | (८,०८,९८३) | (४५,५९,३४३) |
| विगत बर्षको खर्च | - | ७,५५,७८,४२९ |
| वित्तिय दायित्वबाट आर्जित लाभ | (११,७४,४८,२०१) | (२०,८०,९५,७४१) |
| अन्य गैर नगद खर्च | ४,३९,५८६ | १,७०,८४,६५३ |
| लगानीको बिक्रिबाट नाफा(नोक्सान) | - | - |
| **क्रियाशील पूँजीमा परिबर्तन अघिको नगद प्रवाह** | **७२,६७,४७,३३७** | **८६,५७,०३,५२६** |
| मौज्दातमा (बृद्धि)/कमी | (१३,७६,४१,८६६) | (३२,३८,२०,८३२) |
| व्यापार असामीमा (बृद्धि)/कमी | (१३,८८,४६,९८९) | (३७,०५,४३,६९७) |
| सम्झौता प्रयोजन सम्पत्तिमा (Contract Assets) (वृद्धि)/कमी | १,५४,८९,९८५ | (५३,६१,६१८) |
| अन्य वित्तीय सम्पत्तिमा (बृद्धि)/कमी | (२,२१,३१,६६०) | (३,५९,१४,८९४) |
| अन्य गैर-चालु वित्तीय सम्पत्तिमा (वृद्धि)/कमी | - | - |

| विवरण | आ.व.२०७९/८० | आ.व.२०७८/७९ |
|---|---|---|
| अन्य चालु सम्पत्तिमा (बृद्धि)/कमी | (३,०१,२९,१०,९९२) | ३०,९२,५६,९२२ |
| अग्रिम भुक्तानीमा (बृद्धि)/कमी | ७८,०३,००३ | १,६९,७५,२७४ |
| अन्य गैर-वित्तीय सम्पत्तिमा (बृद्धि)/कमी | - | - |
| व्यापार साहुमा (बृद्धि)/कमी | ९५,८२,८९,५२२ | (२१,९०,९०,६०६) |
| अन्य गैर-चालु वित्तीय दायित्वमा बृद्धि/(कमी) | - | - |
| अन्य चालु वित्तीय दायित्वमा बृद्धि/(कमी) | १७,०६,५०,२१९ | (१६,०७,७८,८६५) |
| सम्झौता प्रयोजन दायित्वमा (Contractual Liabilities) बृद्धि/(कमी) | (३,४६,६३,६३४) | ७,६३,३७,७८५ |
| अन्य गैर-वित्तीय दायित्वमा बृद्धि/(कमी) | - | - |
| संचालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि | - | - |
| **संचालनबाट खुद नगद प्रवाह** | **(१,४६,७२,१५,०७५)** | **१५,२७,६२,९९५** |
| घटाउः आयकर | (२,२९,०९,६११) | २,५८,५१,०९३ |
| घटाउः गत वर्षको आयकर | (६३,१८५) | (३,०६,११,६२२) |
| **संचालनबाट खुद नगद प्रवाह** | **(१,४९,०१,८७,८७१)** | **१४,८०,०२,४६६** |
| **ख) लगानी गतिबिधी बाट नगद प्रवाह** | | |
| सम्पत्ति प्लान्ट र उपकरण खरिद | (२७,२३,९४,६८८) | (५२,७७,८५,६८३) |
| अमुर्त सम्पत्ति खरिद | - | (२१,८६,९१६) |
| काम प्रगति सम्पत्ति (CWIP) | (१,५५,३५,३६,५३३) | (१,२८,०७,०७,३३६) |
| कार्यगत पुंजीको कमी/(बृद्धी) | - | - |
| लगानी खरिद | - | - |
| ब्याज आम्दानी | १,२४,०८९ | ५,०७,६११ |
| **लगानी गतिबिधी बाट खुद नगद प्रवाह** | **(१,८२,५८,०७,१३२)** | **(१,८१,०१,७२,३२४)** |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | | |
| दीर्घकालीन ऋण मा बृद्धि/(कमी) | १,४१,४८,२४,८९५ | ५५,०४,५४,५१० |
| अल्पकालीन ऋण मा बृद्धि/(कमी) | (१,२४,७२,६४,९१८) | १,३४,१०,०२,७२५ |
| लिज दायित्वमा बृद्धि/(कमी) | (१,५६,०००) | (१,५६,०००) |
| ब्याज भुक्तानी | (२८,८९,८६,११६) | (३७,४०,११,८०७) |
| शेयर पुंजीमा वृद्धि | ३,४५,२८,४८,२८५ | - |
| **वित्तीय गतिबिधी बाट खुद नगद प्रवाह** | **३,३३,१२,६६,१४६** | **१,५१,७२,८९,४२८** |
| **घ) यस वर्षको सम्पूर्ण गतिविधी बाट नगद प्रवाह** | १,५२,७१,१४३ | (१४,४८,८०,४३०) |
| **ङ) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **५,६७,६६,३२५** | **२०,१६,४६,७५५** |
| **च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **७२,०३,७४,६८** | **५,६७,६६,३२५** |

यस कम्पनी अन्तर्गतको घोराही उप महानगरपालिका, वडा नं ४ गोग्ली, दाङ मा उद्योग स्थापना गरी सिंमेन्ट तथा क्लिङकर उत्पादन तथा बिक्रि गरिरहेको यस उद्योगले सुनवल न.पा. वडा नं ९, स्वाठी, नवलपरासी र बैजनाथ गा.पा. वडा नं ५, बाँके मा पनि सिमेन्ट प्याकेजिङ्ग प्लान्ट स्थापना गरी सिमेन्ट बिक्री वितरण गर्दै आएको छ।

**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**

**यस घोराही सिमेन्ट इण्डष्ट्री लि. को कारोबारमा असर परेका मुख्य कारणहरुको विवरण :**

- बजारको मागको तुलनामा सिमेन्टको आपूर्ति तथा सिमेन्ट उद्योगहरुको उत्पादन क्षमता दोव्बर रहनु (सिमेन्टको माग ८ मिलियन मे.टन, सिमेन्ट उत्पादन क्षमता १४ मिलियन मे.टन), स्थानिय स्तरमा खपतमा कमी तथा भौतिक पुर्वाधारका योजनाहरुमा सरकारको तर्फबाट लगानी कम हुनु ।
- बैकिङ्ग ब्याजदर उच्च हुनु ।
- विद्यमान अवस्थामा सिमेन्टको कच्चा पदार्थको लागि चुनढुंगा उत्खनन् अनुमतिपत्र प्राप्तिको लागि ५/७ बर्ष लाग्नु तथा उत्खनन् अनुमतिपत्रको लागि आवश्यक प्रक्रिया धेरै हुनु ।
- वन क्षेत्रमा उत्खनन् सम्बन्धी कार्य गर्नका लागि आवश्यक पर्ने वनको जग्गा भोगाधिकार सम्वन्धी प्रक्रिया बिगत करिव ३/४ बर्ष देखि पुरा हुन नसकेको कारण उत्खनन् अनुमतिपत्र प्राप्त गरिसकेका खानीहरु पनि सञ्चालनमा ल्याउन नसकिएको ।
- सिमेन्ट माग उच्च रहने समयमा (पौष देखि असार मसान्त सम्म) अत्याधिक विद्युत लोडसेडिङ्ग हुनु ।
- नियमित विद्युत क़टौती ।

**ग) प्रतिवेदन तयार भएको मिति सम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :**

**यस कम्पनीको चालु आ.व. २०८०/२०८१ को मंसिर मसान्त सम्मको प्रगती विवरण :-**

| विवरण | उत्पादन मे.ट. | विक्री मे.ट. | विक्री रकम निकासी सहितको रकम रु |
|---|---|---|---|
| सिमेन्ट | १,३५,७३४.९८ | १,४२,९७३.७२ | १,१५,८७,९९,४६३.९९ |
| क्लिङकर | १,५४,१३५.९० | ३९,८१३.६७ | २६,११,२५,६५७.५० |
| अन्य | - | - | २६,६०,८०२.३७ |
| **जम्मा** | **२,८९,८७०.८८** | **१,८२,७८७.३९** | **१,४२,२५,८५,९२३.८६** |

यस कम्पनीले उद्योग सञ्चालनको क्रममा वातावरणीय मापदण्डको पुर्ण परिपालना गरि आएको छ भने सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानिय क्षेत्रमा विभिन्न सहयोग उपलव्ध गराउदै आएको छ ।

**घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :**

कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्न सम्बन्धित सबै निकाय तथा विभागहरुसंग सुमधुर सम्बन्ध कायम गरिरहन सफल भएको छ ।

**ङ.सञ्चालक समितिमा भएको हेरफेर :** गत आ.व. २०७९/०८० को यस कम्पनीको मिति २०८०।०९।०५ गतेको सञ्चालक समिति निम्नअनुसार रहेको छ ।

| **पुरानो संचालक समिति** | **नयाँ सञ्चालक समिति** | **पद** | **परिवर्तनको कारण** |
|---|---|---|---|
| श्री पुरुषोत्तम लाल संघई | श्री पुरुषोत्तम लाल संघई | अध्यक्ष | मिति २०७८।१०।२५ मा गठन गरिएको सञ्चालक समिति दर्ता किताव लिइंसकेको र मिति २०८०।०७।०२ गते सञ्चालक श्री गोविन्द लाल संघई र श्री हर्षवर्धन संघई ज्युले राजिनामा दिएपछि रिक्त पदमा नयाँ सञ्चालक श्री अन्जु संघई र श्री विवेक अग्रवाल ज्युहरु नियुक्त हुनुभएको । |
| श्री त्रिलोक चन्द्र अग्रवाल | श्री त्रिलोक चन्द्र अग्रवाल | सञ्चालक | |
| श्री गोविन्द लाल संघई | श्री अन्जु संघई | सञ्चालक | |
| श्री हर्षबर्धन संघई | श्री विवेक अग्रवाल | सञ्चालक | |
| श्री आदित्य संघई | श्री आदित्य संघई | सञ्चालक | |

यस कम्पनीको मिति २०७८।१०।२५ मा सञ्चालक समिति गठन भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट सञ्चालक दर्ता किताव प्रमाणित समेत गरी गरिएकोमा मिति २०८०।०७।०२ गते सञ्चालकहरुको कार्य अवधी बाकी हुदाँ नै सञ्चालक श्री गोविन्द लाल संघई र श्री हर्षवर्धन संघई ज्युले व्यक्तिगत तथा पारिवारिक कारणले राजिनामा दिनुभएको र त्यस पश्चात सोही मिति मा रिक्त रहेको सञ्चालक पदमा श्री अन्जु संघई र श्री विवेक अग्रवाल ज्युलाई नियुक्त भई कम्पनीको संस्थापक समूहमा ५ जना सञ्चालक भएको र नियमावली अनुसार सर्वसाधारण समूह मध्येबाट १ जना र १ जना स्वतन्त्र संचालक रहने गरी सात जनाको संचालक समिति हुने भएकाले सर्वसाधारण समुह बाट १ जना निर्वाचित गर्ने र सञ्चालक समितिले सिफारिस गर्नुभएको स्वतन्त्र सञ्चालक वार्षिक साधारण सभाबाट नियुक्त गर्नका लागि वार्षिक साधारण सभामा प्रस्ताव पेश गरिएको छ ।

**च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

**यस घोराही सिमेन्ट इण्डष्ट्री लि. को कारोबारमा असर परेका मुख्य कारणहरुको विवरण :**

- बजारको मागको तुलनामा सिमेन्टको आपूर्ति तथा सिमेन्ट उद्योगहरुको उत्पादन क्षमता दोव्बर रहनु-(सिमेन्टको माग ८ मिलियन मे.टन, सिमेन्ट उत्पादन क्षमता १४ मिलियन मे.टन), स्थानीय स्तरमा खपतमा कमी तथा भौतिक पुर्वाधारका योजनाहरुमा सरकारको तर्फबाट लगानी कम हुनु ।
- बैकिङ्ग ब्याजदर उच्च हुनु ।
- विद्यामान अवस्थामा सिमेन्टको कच्चा पदार्थको लागि चुनढुंगा उत्खनन् अनुमतिपत्र प्राप्तिको लागि ५/७ बर्ष लाग्नु तथा उत्खनन् अनुमतिपत्रको लागि आवश्यक प्रक्रिया धेरै हुनु ।
- वन क्षेत्रमा उत्खनन् सम्बन्धी कार्य गर्नका लागि आवश्यक पर्ने वनको जग्गा भोगाधिकार सम्बन्धी प्रक्रिया बिगत करिव ३/४ बर्ष देखि पुरा हुन नसकेको कारण उत्खनन् अनुमतिपत्र प्राप्त गरिसकेका खानीहरु पनि सञ्चालनमा ल्याउन नसकिएको ।
- सिमेन्ट माग उच्च रहने समयमा (पौष देखि असार मसान्त सम्म) अत्याधिक विद्युत लोडसेडिङ्ग हुनु ।
- नियमित विद्युत कटौती ।

**छ) लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया :**

कैफियत नभएको ।

**ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

यस कम्पनीको मिति २०८०।०९।०५ गतेको सन्चालक समितिको वैठकले आफ्ना शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश वापत बोनस शेयर (कर बाहेक) दिने सिफारिस गरेको छ ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मुल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो शेयर बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भए पछि सो शेयर बिक्रि गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :**

शेयर जफत भएको छैन ।

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगती र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

लगानीको चरणमा रहेको उत्पादन शुरु नभै सकेको ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधीमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपुर्ण परिवर्तन :**

नरहेको ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

आधारभुत शेयरधनीबाट कुनै जानकारी नआएको ।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

| नाम, थर | पद | शेयर संख्या |
|---|---|---|
| श्री पुरुषोत्तम लाल संघई | संचालक, अध्यक्ष | ३२,४१,३५० |
| श्री त्रिलोक चन्द अग्रवाल | संचालक | १२,००,६२२ |
| श्री अन्जु संघई | संचालक | १५,८८,७६१ |
| श्री विवेक अग्रवाल | संचालक | २,४७,७४८ |
| श्री आदित्य संघई | संचालक | ३,४९,३८७ |
| श्री देवराज वानियाँ | कम्पनी सचिव | १,५०० |
| श्री देवेन्द्र सिन्हा | कार्यकारी निर्देशक | - |

कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न नभएको ।

**ढ) विगत आर्थिक वर्षमा कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

यस प्रकारको कुनै जानकारी प्राप्त नभएको ।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :**
हाल सम्म कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**
कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनको लागि कम्पनीले छुट्टै नीति, आर्थिक तथा प्रशासनिक विनियमावली तयार गरी यथाशीघ्र लागु गर्ने र कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित, चुस्त दुरुस्त साथै पारदर्शी राख्नका लागि कम्पनी संग सम्वन्धित सरकारी निकाय तथा लेखापरीक्षक वाट समय समयमा प्राप्त सुझाव लाई सम्वोधित गरी कार्य गरिदै आएको छ ।

**थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

| विवरण | २०७९/८० (रु.) | २०७८/७९ (रु.) |
|---|---|---|
| कर्मचारी खर्च | ७,८८,१२,६४३ ।- | १०,४८,२७,४९४ ।- |
| व्यवस्थापन तथा अन्य अप्रत्यक्ष खर्च | २३,२०,९२,२५४ ।- | १९,०४,३९,८४४ ।- |
| जम्मा | ३१,०९,०४,८९७ ।- | २९,५२,६७,३३८ ।- |

**द) लेखापरिक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

हाल सम्म गठन नभएको ।

**ध) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजका नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

यस सम्बन्धी विवरण वित्तिय विवरणमा उल्लेख गरिएको ।

**न) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

यस सम्बन्धी विवरण वित्तिय विवरणमा उल्लेख गरिएको ।

**प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
लाभांश बुझिलिन वाकि रहेको छैन ।

**फ) दफा १४१ बमोजिम सम्पति खरिद वा बिक्री गरेको कुराको विवरण :**
नभएको ।

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**
यस सम्बन्धी विवरण वित्तिय विवरणमा उल्लेख गरिएको ।

**भ) यस ऐन तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**
नभएको ।

म) अन्य आवश्यक कुराहरु :

१. मानव संसाधन व्यवस्था :

शेयरधनी महानुभावहरु, यस कम्पनीको उद्योग चौबिसै घण्टा निरन्तर सिमेन्ट तथा क्लिङकर उत्पादन भईरहने हुनाले उद्योग स्थलमा आवश्यक अनुभवी कर्मचारीहरुको व्यवस्था गरिएको छ । त्यसैगरी प्रशासनिक तथा लेखा सम्बन्धि कार्यमा अनुभवी र दक्ष जनशक्तिको व्यवस्था गरिएको छ । कम्पनीको व्यस्थापनमा कार्यरत तथा अन्य स्तरका कर्मचारी वा कामदारको संख्या :

व्यवस्थापनमा कार्यरत: ४३३
अन्य स्तरमा कार्यरत : ३९१

२. वित्तिय व्यवस्था तथा कर्जा भुक्तानी व्यवस्था :

यस कम्पनीले घोराही उपमहानगरपालिका, वडा नं ४ गोग्ली, दाङ मा उद्योगबाट सिमेन्ट तथा क्लिङकर उत्पादनको लागी हिमालयन बैंक लि.को अगुवाईमा गठन भएको सह-वित्तियकरण मार्फत कर्जा सुविधा लिई निर्माण सम्पन्न गरेको र तोकिए बमोजिमको भुक्तानी तालिका अनुसार बैंकहरुको साँवा तथा ब्याज समेत भुक्तानी गर्दै आएको छ ।

३. बीमा व्यवस्था :

यस कम्पनीको सिभिल संरचना , प्राविधिक, कच्चा पदार्थ आदि सम्पत्तिको सबै किसिमको जोखिम ब्यहोर्ने गरी सम्पत्ति बीमा गरिएको छ । यसका साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको दुर्घटना बीमा गरिएको छ ।

४. संस्थाको शेयर कारोबार सम्बन्धि विवरण :

यस कम्पनीको शेयर मिति २०८०।०३।३१ मा सर्वसाधारणहरुको लागि बाँडफाड गरिएको र आ.व. २०७९/०८० मा सूचिकृत नभएको । मिति २०८०।०४।२१ मा सिडिएससि र मिति २०८०।०४।२५ मा नेप्से संग सम्झौता गरि सुचिकृत भई कारोबार सुरु भएको ।

**धन्यवाद ज्ञापन**

अन्त्यमा,

यस साधारण सभाको अवसरमा कम्पनीले सञ्चालन गरेको घोराही उपमहानगरपालिका, वडा नं ४, गोग्ली, दाङ मा उद्योग स्थापना गरी सिमेन्ट तथा क्लिङकर उत्पादन गरेको र उद्योगमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गरिरहनु भएका कम्पनीका कर्मचारी, सम्पुर्ण सरकारी तथा गैरसरकारी निकाय, संघसंस्था,स्थानिय प्रशासन तथा स्थानीय वासिन्दा लाई कम्पनीको तर्फबाट आभार व्यक्त गर्न चाहान्छु । अन्त्यमा, उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनी र कम्पनीको संचालक समिति प्रति देखाउनु भएको सहयोग, सद्भाव र अपार विश्वासलाई भविष्यमा पनि कायम राख्ने आशासहित धन्यवाद ज्ञापन गर्दै संचालक समितिको तर्फबाट प्रस्तुत गरिएको आ.व. २०७९।०८० को प्रतिवेदन अनुमोदनको लागी प्रस्तुत गर्दछु ।

धन्यवाद

संचालक समितिको तर्फबाट,

**पुरुषोत्तम लाल संघई**

**अध्यक्ष**